# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETINS

BROADCAST 18.40HRS DATE 09.05.2024

- **LS Election 6th Phase**

लोकसभा चुनाउमा छैटौं चरणका लागि नामांकन फिर्ता लिने आज अन्तिम दिन हो। यस चरणमा पच्चीस मईमा छहवटा राज्य र दुईवटा केन्द्रशासित प्रदेशहरूका कुल अन्ठनब्बे सीटमा मतदान हुनेछ। छैटौं चरणमा दिल्लीका सबै सातवटा, हरियाणाका कुल दश, उत्तर प्रदेशका चौध, बिहार र पश्चिम बंगालका आठ-आठ, ओडिशाका छह, झारखण्डका चार र जम्मु कश्मीरको एउटा सीटमा मतदान हुनेछ। लोकसभा चुनाउको मतगणना चार जूनमा हुनेछ।

---------------------------------------X---------------------------------------

- **EVM Randomization**

सोरेङ जिल्लाको प्रशासनिक केन्द्रमा हिजो यहाँका चारवटा विधानसभा क्षेत्र र एउटा संसदीय निर्वाचन क्षेत्रको मतगणनाको तयारीलाई लिएर कर्मचारीहरुको पहिलो क्रमबद्धकरण अथवा randomization कार्य सम्पन्न भयो।

जिल्ला निर्वाचन अधिकारी एवं जिल्लाधीश सुश्री येस्सी डी योङदाको उपस्थितिबीच सम्पूर्ण प्रक्रिया सम्पन्न भयो। यस अवसरमा जिल्लाका उपनिर्वाचन अधिकारी श्री धिरज सुवेदी र मुख्यालयका महकुमा अधिकारी श्री DR विष्ट लगायत मतगणना प्रक्रियामा संलग्न रहने एक सय अन्ठनब्बेजना मतगणना कर्मीसहित पर्यवेक्षक र सुक्ष्म पर्यवेक्षकहरूको उपस्थिति रहेको थियो। Randomization-को सम्पूर्ण प्रक्रिया NIC पोर्टकको माध्यमबाट गरिएको छ।

---------------------------------------X---------------------------------------

- **Governor’s SU Campus Visit**

राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले हिजो नाम्ची जिल्लाको याङगाङस्थित सिक्किम केन्द्रिय विश्वविद्यालय परिसरको स्थायी क्याम्पसको भ्रमण गर्नुभयो। यस अवसरमा बोल्दै विश्वविद्यालयका Chief Rector पनि रहनुभएका राज्यपालले दृढ़ संकल्प र

ईमानदारीताका साथ बाधाहरूको सामना गर्नमा रहेको आवश्यकतामाथि जोड़ दिनुभयो। उहाँले भविष्यमाथि ध्यान दिनुपर्ने महत्त्वबारे बताउँदै भन्नुभयो, यसप्रकारको दृढ़ संकल्पले अघिको मार्ग खुल्ला हुनसक्छ।

राज्यपालले याङगाङस्थित आफ्नो परिसरमा सिक्किम केन्द्रिय विश्वविद्यालयको स्थापना भएकोमा खुशी व्यक्त गर्दै संस्थानको भविष्यको प्रयासका लागि शुभकामना दिनुभयो। नयाँ परिसरको महत्त्वमाथि प्रकाश पार्दै उहाँले यसमा निहित सकारात्मकताबारे बताउनुभयो अनि भन्नुभयो, जिम्मेवारीले विश्वविद्यालयको स्तर बढ़ाउनेछ। बाधाबाट मुक्त हुनमा रहने सामुहिक प्रयासको महत्त्वमाथि प्रकाश पार्दै श्री आचार्यले शिक्षक, प्राध्यापक एवं अध्येतागण र विद्यार्थीवर्गसित समाज र समुदायप्रति योगदान दिने आग्रह गर्नुभयो।

उहाँले आफ्नो जिम्मेवारी सम्हालेपछि क्याम्पसको कार्यलाई अघि बढ़ाउनमा लगाएको सराहनीय प्रयासको निम्ति विश्वविद्यालयका कुलपथि प्राध्यापक अभिनास खरेको प्रशंसा गर्नुभयो। यसका साथै राज्यपालले नालन्दा र तक्षशिला विश्वविद्यालयको प्रतिष्ठित विरासतबाट प्रेरणा लिएर सिक्किम केन्द्रिय विश्वविद्यालयलाई एउटा प्रमुख शैक्षणिक संस्थानको रूपमा स्थापित गर्ने प्रयास गर्न सबैलाई प्रोत्साहित गर्नुभयो।

कुलपति श्री खरेले राज्यपाललाई विश्वविद्यालयको वर्तमान अवस्थाको संक्षिप्त जानकारी गराउँदै भविष्यको विकासका निम्ति मार्गचित्र पनि प्रदान गर्नुभयो। राज्यपालले यस अवधि विश्वविद्यालय मोडल साथै परिसरको निरीक्षण गर्नुभयो।

---------------------------------------X---------------------------------------

- **8th May Programme**

गान्तोकमा हिजो आठ मई 1973-को त्रीपक्षीय सम्झौताको एकाउन्नौं वर्षगाँठको अवसरमा एउटा कार्यक्रम आयोजना गरियो। राज्यको एउटा गैर राजनीतिक संगठन सिक्किमे मूल निवासी सुरक्षा संघले यहाँको चिन्तन भवनमा पालन गरेको कार्यक्रममा पूर्व विधायक श्री नाम्खा ग्याल्छेन मुख्य अतिथि हुनुहुन्थ्यो।

छोग्यालकालमा सिक्किम गार्ड्समा कार्यरत सैनिकहरूलाई सम्मान तथा अभिनन्दन कार्यक्रमको प्रमुख आकर्षण रहेको थियो।

संघका अध्यक्ष श्री रत्नलाल सापकोटाले कार्यक्रमलाई सम्बोधन गर्दै आठ मई त्रीपक्षीय सम्झौताको महत्त्वमाथि प्रकाश पार्नुभयो।

---------------------------------------X---------------------------------------

- **Gyalshing Coordination Meeting**

गेजिङ जिल्लाको क्योङसास्थित जिल्ला पञ्चायत भवनको सम्मेलन कक्षमा हिजो समन्वय सभामा सम्पन्न भयो। गेजिङ जिल्लाका मुख्य शिक्षा अधिकारी श्री सुभैया G-को अध्यक्षतामा सम्पन्न सभामा महकुमा अधिकारीगण, प्रखण्ड अधिकारीगण एवं जिल्लाका कूल एक सय छब्बीसवटा सरकारी विद्यालयका प्रमुखहरूको उपस्थिति थियो।

सभामा उत्सुकतापूर्वक भाग लिँदै सबै विद्यालय प्रमुखहरूले आ-आफ्ना विचार साझा गर्दै विद्यालयमा हुने अभ्यासबारे बताए। सभामा शैक्षिक सुधारदेखि लिएर नयाँ शिक्षा निती एवं निरन्तर व्यावसायिक विकास साथै कक्षा पाँचको अर्धवार्षिक परीक्षाका लागि केन्द्रीकृत प्रश्न पत्र र EMMIS सम्बन्धी मुद्दाबारे चर्चा गरियो।

सभाको अन्तमा जिल्ला अधिकारीबाट सबै विद्यालय प्रमुखहरूले वैज्ञानिक पुस्तक र ग्याजेट ग्रहण गरे। यस अवसरमा शिक्षा विभागका उपनिदेशक श्री राजेश थापाको बाहुलीद्वारा हालै सम्पन्न राज्य विधानसभा र लोकसभा चुनाउ प्रक्रियामा महत्त्वपूर्ण भूमिका निभाउने विद्यार्थी स्वयंसेवीहरूलाई प्रशंसापत्र प्रदान गरियो।

---------------------------------------X---------------------------------------

- **Heatwave Weather**

देश भरिमा पाराको स्तर बढ़ेसितै गर्मीको स्तर लगातार बि□रहेछ अनि तापमानमा लगातार वृद्धि भइरहेछ। विश्व भरिमा अप्रेल 2024-को महिना, वर्ष 1940-पछि सबैभन्दा गरम महिना रह्यो। देशका प्रायजसो सबै भागले सामान्य भन्दा अधिक तापमानको अनुभव गरिरहेछन्।

---------------------------------------X---------------------------------------

- **ICMR Dietary Guideline**

भारतीय चिकित्सा अनुसन्धान परिषद (ICMR)-ले 2024-का लागि आधुनिक खान-पानको आदतअनुरूप भारतीयहरूको उन्नत आहारका लागि दिशानिर्देश जारी गरेको छ। हैदराबादस्थित राष्ट्रिय पोषण संस्थान (NIN)-का शोधकर्ताहरूद्वारा तयार पारिएको यस दिशानिर्देशमा विशेष रूपमा मानिसहरूलाई शारीरिक रूपमा सक्रिय रहने सल्लाह दिइएको छ। यसमा नियमित रूपमा व्यायाम, नुनको सेवनमा कमी, बोसो कम गर्ने, चीनी, अधिक प्रसंस्कृत खाद्य पदार्थ कम गर्ने र मोटोपन, अधिक वजन रोक्नका लागि पाइला चाल्ने सल्लाह दिइएको छ।

---------------------------------------X---------------------------------------